# भर्ना खुल्यो !  भर्ना खुल्यो !  भर्ना खुल्यो !

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) को आंगिक संस्था
कोरिया नेपाल बहुप्राविधिक शिक्षालय, बुटवल १२, तामनगर, रुपन्देहीमा
- प्रि-डिप्लोमा इन ईलेक्ट्रिकल ईञ्जिनीयरिङ्ग र
- प्रि-डिप्लोमा इन मेकानिकल ईञ्जिनीयरिङ्ग कार्यक्रमको

२४ महिने औद्योगिक प्रशिक्षार्थी (Apprenticeship) कार्यक्रममा निशुल्क अध्ययनका लागि भर्ना खुल्यो !

## कार्यक्रमका विशेषता:

- निशूल्क अध्ययनको अवसर
- यातायात खर्च बापत दिनको रु. १००/०० पाइने
- पढ्दा पढ्दै काम गर्न र कमाउन पाइने
- SLC उत्तीर्ण मात्र वा SEE मा E ग्रेड ल्याएकाले समेत पढ्न पाउने
- आवेदन फाराम बूझाउने अन्तिम मितिः २०८०/०६/०२ गते
- प्रवेश परीक्षा हूने मितिः २०८०/०६/०२, बिहान ११.०० बजे

**कोरिया नेपाल बहुप्राविधिक शिक्षालय**
बुटवल १२, तामनगर, रुपन्देही
थप जानकारीकोलागी सम्पर्क नं.: ९८५७०८८३०६ ०७१-४५०००४

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
Council for Technical Education and Vocational Training
# कोरिया नेपाल बहुप्राविधिक शिक्षालय
# Korea Nepal Polytechnic Institute (KNPI)

पत्र संख्या (L.N.): ०८०/०८१
चलानी नं. (D.N.): १६०

मिति: २०८०/०५/११

श्री सम्पूर्ण उपमहानगर/नगर/गाउँ पालिकाको कार्यालय,
लुम्बिनी प्रदेश, नेपाल ।

विषय: आवश्यक सहयोग र सूचना सम्प्रेषण गरिदिने बारे ।

प्रस्तुत विषयमा लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, बुटवल उपमहानगरपालिका वडा नं. १२, तामनगरमा अवस्थित प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) को आंगिक संस्था यस कोरिया नेपाल बहुप्राविधिक शिक्षालयमा लुम्बिनी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, दिगो तथा सम्मानित रोजगारीको लागि सीप (ENSSURE) परियोजनाको सहयोगमा **Pre – Diploma in Electrical Engineering** र **Pre – Diploma in Mechanical Engineering** कार्यक्रममा २४ महिने औद्योगिक प्रशिक्षार्थी (**Apprenticeship**) तालीममा भर्ना खुलेको छ । तालीम पूर्ण रुपमा निशुल्क हुनेछ र प्रति दिन हाजिरी बापत विद्यार्थीलाई रु. १००/०० यातायात खर्च समेत उपलब्ध गराइने छ । तालीम सकिए पश्चात रोजगारी वा स्वरोजगारी सुनिश्चित भएको यस तालीममा तालीमकै दौरान समेत उद्योग वा सम्बन्धित संघसंस्थामा काम गरेर पढ्दा पढ्दै आयआर्जन गर्न सकिने व्यवस्था रहेको छ ।

तसर्थ तहाँ उपमहानगर/नगर/गाउँ पालिकाका प्रत्येक वडा र टोलमा रहेका SLC उत्तीर्ण वा SEE मा न्यूनतम E ग्रेड ल्याएका युवायुवतीहरु समक्ष यो सूचना पुर्याइ इच्छुकलाई शिक्षालयमा तालीम लिनको लागि अभिप्रेरित गर्न आवश्यक सहयोग र यो सूचना आफ्नो आधिकारिक सामाजिक सञ्जाल र वेबसाइटमा समेत राखि सम्प्रेषण गरिदिनुहुन अनुरोध छ ।

मुसिकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाँफी टक्सार, रुकुम
दर्ता नं. ३१९
मिति: २०८०/५/२८

नविन किशोर गैह्रे
शिक्षालय प्रमुख

Website: www.knpi.edu.np, E-mail: knpi.ctevt@gmail.com
Contact: 071-450004, 450008
Butwal Sub-Metropolitan City 12, Tamnagar, Rupandehi
Lumbini Province